परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
वर्ष १० | अंक ३५ | २०७८ चैत २७ गते आईतवार | Sunday 10, APR 2022 | पृष्ठ: ६, | मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## अस्पतालमा डाक्टरको हत्या भएको भन्दै प्रदर्शन

विराटनगर । विराटनगर स्थितरहेको नोवेल अस्पतालमा कार्यरत डा. विजय यादवको हत्या भएको भन्दै दोषीउपर कारबाहीको माग सहित प्रदर्शन गरेका छन् ।

मृतकका आफन्तर स्थानीय बासिन्दाहरुले शनिबार दिउँसो विरोध प्रदर्शन गर्दै बजार परिक्रमा गरेका छन् ।

प्रदर्शनकारीहरुले हातमा प्लेकार्ड 'केस मोड्न पाइदैन, दोषी छोड्न पाइदैन, पिडितलाई न्याय दे लगायतको प्लेकाड हातमा लिएर नारावाजी गर्दै प्रदर्शनमा उत्रेका थिए ।




त्यसैगरी हत्यामा संलग्नलाई कारावही गरिनुपर्ने, घटनाको अनुसन्धान गरि दोषीलाई सार्वजानिक गरिनुपर्ने माग गर्देरोडशेष चौकदेखि निकालिएको प्रदर्शन जलजला मोडको परिक्रममा गरी बुधहाट चौकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

डा. विजय यादव न्याय संघर्ष समितिले शनिबार मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज निरौलालाई ज्ञापन पत्र समेत बुझाएका छन् ।

संघर्ष समितिका संयोजक हिरा यादवले घटनाको गहन अनुसन्धान गरि दोषीलाई कारवाहीको दायारमा ल्यानुपर्ने मागराख्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको उनको भनाई थियो ।

सप्तरीको बिष्णुपुर गाउँ पालिका १ खुरहुरिया घर भएका यदुनन्दन यादवका एकमात्र छोरा डा. विजय गत शनिबार शंकास्पद अवस्थामा विराटनगर स्थित डेरामा मृत फेला परेका थिए । परिवार आफन्तले योजनाबद्ध तरिकाले उनको हत्या भएको आरोप लगाएका छन् ।

उच्चस्तरीय छानबिन समिति बनाउनुपर्नेर दोषीलाई कडा कारबाही गर्नुपर्ने उनीहरुको माग छ। मोरङ प्रहरीले घटनाबारे अनुसन्धानको लागी ८ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ।

## बालिका हत्याको आरोपमा दुई जना पक्राउ

उदयपुर । उदयपुरको बेलका नगरपालिका वडा नं. ६ कि १६ बर्षीया कबिता सुनुवारको हत्या गरेको आरोपमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारत सिक्किम बियुङ घर भई उदयपुर बेलका नगरपालिका वडा नं. ३ का जित बहादुर ढकालको घरमा बस्दै आएका १९ बर्षीय बिनोद ढकाल र १७ बर्षीया बालिका रहेका छन ।

चैत्र २२ गते बिहान बेलका नगरपालिका वडा नं. ३ स्थित यशोदा खोला किनारमा काठको गोलिया नजिक बालिकाको लाश फेला परेको भनि जानकारी प्राप्त हुना साथ तत्काल घटना स्थलमा खटिएको इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाको प्रहरी निरीक्षक सहितको टोलीले बेलका नगरपालिका वडा नं. ६ का कृष्ण

वांकी ३ पेजमा...

## उपाध्यक्ष र सदस्यको सपथ ग्रहण

विराटनगर । प्रदेश नम्बर १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले प्रदेश योजना आयोगका नवनियुक्त उपाध्यक्ष तथा सदस्यहरूलाई शुक्रवार पद तथा गोपनियताको सपथ गराउनु भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित कार्यक्रममा मुख्यमन्त्री राईले योजना आयोगका उपाध्यक्ष डा. पूर्ण लोक्सोम सहित सदस्यहरूलाई सपथ गराउनु भएको थियो ।

उपाध्यक्ष लोक्सोम सहित सदस्यहरू डा. ज्ञानेन्द्रबहादुर कार्की, नारायण कोइराला, प्रकाश राई र अञ्जु खड्काले पद तथा गोपनियताको सपथ ग्रहण गर्नुभएको छ। सो अवसरमा नवनियुक्त उपाध्यक्ष, सदस्यहरू लाई मुख्यमन्त्री राईले नियुक्ति पत्र पनि प्रदान गर्नुभएको थियो ।

चैत्र २१ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार उहाँहरू प्रदेश योजना आयोगमा नियुक्त हुनुभएका छन् । सपथ ग्रहण कार्यक्रममा प्रदेश सरकारका मन्त्रीहरू, सचिवहरू, कर्मचारी, पत्रकार सहित योजना आयोगका नवनियुक्त पदाधिकारी का आफन्तहरूको उपस्थिति रहेको थियो ।

सपथग्रहण कार्यक्रममा संक्षिप्त मन्तव्य व्यक्त गर्ने क्रममा प्रदेश नं. १ मुख्यमन्त्री राजेन्द्रकुमार राईले आयोगका नवनियुक्त उपाध्यक्ष, सदस्यहरू लाई बधाई दिदै संसद र सरकारको समयावधि अब छोटो

वांकी ३ पेजमा...

## प्रेस यूनिय सुनसरीलाई कांग्रेस नेता प्रसाईद्धारा जग्गा प्रदान

इटहरी । नेपाल प्रेस युनियन सुनसरीको भवन निर्माणका लागि नेपाली काँग्रेसका नेता रोहित प्रसाईंले जग्गा दिएको छ ।

इटहरी निवासी प्रसाईले सोमबार एक कार्यक्रमका बीच इटहरी १७ स्थित पूर्व-पश्चिमा राजमार्गको मुख्य हाइवेमा साढे ६ धुर जग्गाको धनीपूर्जा प्रेस युनियन सुनसरीका अध्यक्ष पवन अधिकारीलाई हस्तान्तरण गरेको थियो ।

काँग्रेस महाधिवेशन प्रतिनिधि समेत रहेका प्रसाईंले प्रेस युनियन नेपाली काँग्रेसको शुवेक्छुक संस्था भएकाले युनियनलाई आफ्नै कार्यालय बाट कार्य सम्पादन गर्नका लागि आफ्ना स्वर्गीय आमा बुबाको स्मृतिमा जग्गा प्रदान गरेको बताए ।

उनले भवन निर्माणको काम तुरुन्तै अगाडि बढाएर चाँडै निर्माण गरिसक्नुपर्ने बताए । आफूले मन जितेर जग्गा दिएका कारण चाँडै भवन निर्माण गर्न सुझाव दिएका छन् त्यसका लागि आफूले थप सहयोग गर्ने पनि बताएका छन् ।

नेपाली काँग्रेसलाई तीनै तहमा निर्वाचित गराएको खण्डमा विकास निर्माणका कामले तीव्रता पाउने पनि बताएका छन् । उनले भने, ' पत्रकारिता क्षेत्र जनतालाई सुसूचित गर्ने क्षेत्र भएकाले यहाँका गतिविधि आम मानिसले थाहा पाउनुपर्ने गरी पत्रकार हरूले काम गरिरहेकाले खुसी पनि लागेको छ ।'

वांकी ३ पेजमा...






क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## देश...

प्रभाव पर्ने उल्लेख गरेका छन् । ( कान्तिपुर माघ २७, ०७८)

दण्डहीनताको तीखखर उदाहरण हो यो । सरकारमा रहेकाहरुले राजनीतिक स्वार्थ पूरा गर्न अपराधीलाई संरक्षण दिएर राखेका धेरै उदाहरण सार्वजनिक भएका छन् । नेपाली काँग्रेस। एमाले र माओवादीको आडमा पेशेवर अपराधीहरु निर्भीक रुपमा अपराधमा संलग्न रहेका छन् । छिटफुट अपराध गर्नेहरु पनि सोही अनुसारको संरक्षणमा जान्छन् । नेपाली काँग्रेसको सरकार भएको बेलामा आफताव आलम पनि रिहा हुने राम्रो अवसर छ । ललिता निवास प्रकरणमा पक्राउ नपरेकाहरुको कारवाही अख्तियारले अगाडि बढाउँदा प्रधानमन्त्री शेरबहादुर देउवाले हाललाई स्थगित गर्ने निर्देशन दिएपछि त्यो मुद्दा पेन्डिङ भएको छ ।

ज्यान मार्ने साँघातिक आक्रमण गर्ने प्रत्यक्ष आरोपीहरु लाई मुद्दा फिर्ता लिएर अमन चैन कायम हुने सोच राख्ने केन्द्र सरकारले देशमा अमन चैन होइन, राजनीतिलाई तरल राखेर पार्टीगत महत्व बढाउने निकृष्ट सोच राख्छन् । कानूनी संरक्षण पाएका केन्द्रका अपराधी जस्तै प्रदेशले पनि सोही बमोजिम अनुसरण गरेका छन् । कहीं कम कहीं बढि अपराधका घटनाहरु प्रदेशमा पनि कम छैन । भ्रष्टाचार, बलात्कार, हत्याहिंसा सबभन्दा बढि मधेश प्रदेशमा देखिएको हो । कानूनी संरक्षण दिएर अपराधीबाट पार्टीलाई आर्थिक लाभ होला तर सरकार बदनाम हुने, शासन प्रणाली कमजोर हुने, देशको अर्थ व्यवस्था ध्वस्त हुने सम्वेदनशीलताप्रति राजनीतिकर्मीहरु गम्भीर नहुनु उनको अज्ञानता र असक्षमता नै हो ।

देशले चारैतिरबाट भोगिरहेको नकारात्मक परिणामले कसैको हित गर्दैन । चुनावको घोषणा भएको छ । चारैतिर व्याप्त रहेको असन्तुष्टताको मिश्रित परिणाम सबैले भोग्नेछन् । कार्यकर्ताबाहेक जन मानस सन्तुष्ट छैनन् । जनजीविकाको सवालमा शासक पार्टीहरुले खासै उपलब्धिमूलक कार्य गरेको छैन । देश र जनताको जीवन शैलीमा महत्वपूर्ण परिवर्तन केही गरिएको देखिदैन । (मधेश दर्पण फिचर सेवा)

## राती...

दिनको लागि हाम्रो शरीरको ऊर्जा स्तर कायम राख्न रातको खानाले धेरै महत्त्वपूर्ण भूमिका खेल्छ तर यदि तपाईंले रातको खाना स्थगित गर्नुभयो भने, यसले तपाईंको सम्पूर्ण दिनलाई असर गर्छ ।

तपाईको बिहानको खाजा जतिसुकै भारी किन नहोस्, तर तपाई दिनको बाँकी दिन जत्तिकै उत्साही हुनुहुन्न जब तपाईले बेलुकाको खाना स्थगित गर्नुहुन्छ। मानौं हामीले आफ्नो दिनको सुरुवात कम उर्जामा गर्छौं भने यसले हाम्रो दैनिक काममा असर पार्छ। यदि हामी सधैं थकित महसुस गर्छौं भने हामी कसरी हाम्रो दैनिक कार्यमा ध्यान केन्द्रित गर्न सक्षम हुनेछौं, त्यसैले रातको खाना छाड्दा तपाईले यस्तो प्रतिकूल परिणाम प्राप्त गर्न सक्नुहुन्छ। एजेन्सी ।

## प्रेस...

प्रेस युनियन सुनसरीका अध्यक्ष पवन अधिकारीले देशका ७७ जिल्लामध्ये चितवनमा मात्रै युनियनको भवन रहेकाले अब सुनसरीमा भवन निर्माण हुने बताए । उनले भनेका छन् , 'नक्सा बनाउने काम भइरहेको छ, दुई वर्षभित्रमा भवन सक्ने गरी काम सुरु गर्छौं ।'

सोही कार्यक्रमको अवसरमा भवन निर्माणका लागि होटेल व्यवसायी सङ्घ इटहरीको तर्फबाट अध्यक्ष जीवन पराजुलीले २५ बोरा सिमेन्ट, उवासंघ इटहरीका सदस्य नवराज काफ्लेले ५१ हजार बराबरको इट्टा, रोटरी क्लबकी अध्यक्ष सबिना कोइराला ( शोभा) ले २१ हजार नगद, काँग्रेस नेता श्याम रिजाल र गोकुल प्रसाईंले २५-२५ बोरा सिमेन्ट सहयोग गर्ने घोषणा गरेका छन् ।

## बालिका...

सुनुवारको १६ बर्षीया छोरी कबिता सुनुवार भएको सनाखत भए संगै हत्याको आरोपमा बिनोद ढकाल र १७ बर्षीया बालिकालाई पक्राउ गरेको थियो ।

अनुसन्धानको क्रममा कबिता सुनुवार र १७ बर्षीया आरोपित बालिका कोशी जनता माध्यमिक बिद्यालय रामपुर उदयपुरमा कक्षा १० मा अध्यनरत रहेको र सुनुवारले सानो सानो कुरामा आरोपित बालिकालाई होच्याउने, चिड्याउने गरी आघात पुऱ्याउने गरेको हुँदा रिसिईवी राखि मार्ने योजना बनाएको खुल्न आएको थियो ।

चैत्र २२ गते मंगलवार बिहान ४ बजेको समयमा एसइइ तयारी कक्षाको लागि तिनैजना संगै बिद्यालय तर्फ जादै गर्दा बाटोमा निजकै दाजु नाता पर्ने बिनोद ढकालले लुकाई बोकेको बियरको बोतलले सुनुवारको टाउकोमा प्रहार गरी घाईते बनाएको र ढुङ्गाले समेत प्रहार गरी कर्तव्य गरी मारी मृतक लाशलाई घिसार्दै यशोदा खोला किनार छेउमा रहेको काठको गोलिया नजिक लाश फालेको खुल्न आएको थियो ।

घटनामा आरोपित १७ बर्षीया बालिका र प्रतिवादी बिनोद ढकाल समेतलाई सम्मानित उदयपुर जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान कार्य भईरहेको छ ।

## उपाध्यक्ष...

भएकाले कति पनि समय खेर नफाली आफ्नो सम्पूर्ण क्षमताका साथ तोकिएको जिम्मेवारी पूरा गर्न आयोगका नवनियुक्त उपाध्यक्ष, सदस्यहरूलाई आग्रह गरेको थियो ।

मुख्यमन्त्री राईले संघीय प्रणाली आरम्भ भएपछिको पहिलो कार्यकालमा रहेको संसद, झण्डै सोही प्रकारको सरकारका सामु थुप्रै चुनौती रहेको स्मरण गर्दै यस प्रणालीप्रति जनतालाई निराश हुन नदिन सबैले आ-आफ्नो क्षेत्रबाट योगदान दिनुपर्ने आवश्यकता औंल्याउनु भएको थियो ।



प्रदेश १ योजना आयोगका नवनियुक्त उपाध्यक्ष डा. पूर्ण लोक्सोम, सदस्यहरु डा. ज्ञानेन्द्र कार्की, नारायण कोईराला, प्रकाश राई र अञ्जु खड्का सपथग्रहण गरेपछि सामूहिक फोटोमा

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।

## झाडा पखाला तथा बान्ताबाट बच्न

- दुषित खानेपानीको प्रयोग नगरौ,
- बासी, सडेगलेका तथा झिँगा, भुसुना भन्किएका खाने कुरा नखाऔं,
- सफासंग हात धोई खाना पकाऔं,
- खाना खानु अघि साबुन पानीले हात धोऔं,
- फलफूल तथा सागसब्जी सफा पानीले पखालेर मात्रै खाऔं,
- स्वस्थ्य र सफा पानीको प्रयोग गरौं वा पानी उमालेर विउने गरौं,
- चिल्लो वा तारेको खाने कुरा सके सम्म नखाऔ ।

झिँगा, ढुषित खाना र पानी, फाहो हात एवं झाँडाकुँडा, झाडा पखाला तथा वान्ताका कारक हुन् ।

नेपाल सरकार विज्ञापन बोर्ड

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
संतोष बस्नेत
निर्माण व्यवसायी
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अमित राठी
उद्योगी!व्यवसायी
परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कोशी हेल्थ इन्सिटच्यूट
परिवार, विराटनगर
मोरंग

परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

### चुनावलाई कम खर्चिलो र पार्दर्शी बनाऔं

नेपालमा लोकतान्त्रि गणतन्त्र आएपछिको २०७८ साल बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचन दोस्रो पटक हो । नेपालको इतिहासमा भन्ने हो भने २००७ सालमा रानाहरुलाई हटाई प्रजातन्त्र स्थापना भएपछि निर्वाचनमा प्रवेश गरेको मुलुक हो । त्यती वेलाको निर्वाचनमा राजाको प्रत्यक्ष संलग्ना देखिन्थ्यो । जसले गर्दा शासन सत्ताको दुरुपयोगरी आफू अनुकुलको उम्मेदवारलाई जिताउने काम हुने गरको थियो । जसको नमूनाको रुपमा २०३६ सालको जनमत संग्रहलाई लिन सकिन्छ । निर्दलीय र वहुदलीय दुई बीच प्रतिस्पर्धा भएकोमा निर्दलीय नै जितेको थियो । त्यस पशिचात २०४६ सालको आन्दोलनले राजा सहित राजनीतिक दलहरुको संलग्नतामा निर्वाचन हुने गरको थियो । त्यसमा राजनीतिक दलहरुले अध्याधिक पैसा खर्च गरी उम्मेदवारहरु जित्ने गरेको थियो । जसले पैसा खर्च गऱ्यो त्यसैले जित्ने प्रथा अहिले सम्म बसेको छ । जसले गर्दा पैसावाला राजनीतिमा पुग्ने र भ्रष्टाचार मात्र गर्ने काम भएको देखिन्छ । स्वच्छ छविका व्यक्तिहरु, पढेलेखेका यूवाहरुले उम्मेदवारी दिएपछि जित हासिल गर्न असमर्थ भयो । विकास निर्माणको काममा अधिकतम भ्रष्टाचार भएकोले देश गरीबी तिर धकेलिएको छ ।

सत्ता र शक्तिको आडमा उम्मेदवारी दिने, मतपत्र च्यातिने बुथ कब्जा गर्ने र मतपेटिका साटेर मत परिणाम प्रभावित गरेको इतिहास हामीसंग छदै छ । देशलाई विकास र समृद्धि तिर लाने हो भने निर्वाचन निष्पक्ष, विवाद रहित र निर्वाचन आयोगले तोकेको खर्च भित्र रहेर निर्वाचनमा भिड्नु पर्छ । पैसाको लेनदेनको आधारमा पाएका टिकटवालहरुलाई आम नेपाली नागरिकवाट वहिष्कार हुनु पर्छ । निर्वाचन आयोगले तोकेको भन्दा वढी खर्च गर्ने उम्मेदवारलाई गाउँवाट लखेट्नु पर्छ । निर्वाचनमा मतदाताले उम्मेदवारसंग केही अपेक्षा गरे त्यसैको परिणाम विकासमा वाधा हुन्छ । त्यसैले निर्वाचन प्रणालीलाई सुधार गरी योग्य समाजको विकास र समृद्धि गर्ने उम्मेदवारलाई निर्वाचित गराई समाजको विकासमा मतदाताको मत अधिकार सही ठाउँमा प्रयोग हुन जरुरी देखिन्छ ।

निर्वाचन नै लोकतन्त्रको आधार हो । त्यसैले लोकतन्त्रमा निर्वाचनको महत्वपूण भूमिका हुन्छ । त्यसैले जुनसुकै निर्वाचन निष्पक्ष, मर्यादित, धाँधलीरहित र शान्तिपूर्ण रूपमा गराउन सक्नु नै निर्वाचन आयोगको काम, कर्तव्य, अधिकार र दायित्व हुन्छ । निर्वाचनको परिणाम विश्वसनीय बनाउन निर्वाचन पद्धतिमा आधुनिकीकरण ल्याउनुका साथै निर्वाचनमा जतिसक्दो कम खर्चिलो र पार्दशी बनाउन सबै राजनीतिक दल, नागरिक समाज, पत्रकार, आम मतदाताहरु लागेमात्र निर्वाचन निष्पक्ष र विवाद रहित हुन्छ । निर्वाचन निपक्ष भए देशमा विकास र समृद्धि अगाडी वढ्द छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): **आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,**ह) : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट** (**हि,हु,हे,हो,डा,डि,डु,डे,डो**):मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# भत्ता र भ्यू टावरको राजनीतिले निम्त्याएको अन्धकार भविष्य

उद्धवराज भेटवाल

१९औं शताब्दीका प्रख्यात अमेरिकी लेखक तथा दार्शनिक जेम्स क्लार्कको एउटा भनाइ रोचक छ। क्लार्क भन्छन्- एउटा राजनीतिकर्मीले आउँदो निर्वाचनका बारेमा सोच्छ भने एउटा राजनेताले आउँदो पुस्ताका बारेमा मनन गर्छ।

उनको यो भनाइ यहाँ सम्झन सान्दर्भिक लाग्यो । क्लार्कको भनाइलाई नेपालको सापेक्षतामा हेर्ने हो भने हामीले अहिलेसम्म कुनै राजनेता नै पाउन सकेनौं, जसले आउँदो निर्वाचनका लागि नभई आउँदो पुस्ताका लागि सोचोस् । यो पुस्ताले भोगेको सकसपूर्ण जीवनबाट पाठ सिकेर भावी पुस्ताका लागि उन्नत समाजको निर्माणमा योगदान गरोस् ।

समयक्रममा भएका विभिन्न राजनीतिक विद्रोह र संघर्षबाट उदाएका एवं जनताले धेरै नै अपेक्षा गरेका नेता र पार्टीहरूले भावी पुस्ताका लागि नभई आसन्न निर्वाचनका लागि मात्र सोच्छन् भन्ने तथ्य भत्ता र भ्यू टावरको अर्थ-राजनीति हेर्दैमा पुग्छ ।

२०५१ सालमा एमाले सरकारले १०० बाट सुरु गरेको वृद्धभत्ता कार्यक्रमको विकासक्रम हेर्ने हो भने हालसम्म आउँदा हरेक पार्टीका सरकारले त्यही वृद्धभत्तालाई बढाउनेभन्दा अलावा उत्पादनशील सामाजिक सुरक्षाका कुनै नौला कार्यक्रम ल्याउन सकेका छैनन्, चाहँदैनन् वा जानेकै छैनन् । जसले राज्यको व्ययभार बढ्नुको साटो समाजको उत्पादकत्व पनि बढाओस् र विपन्न, ज्येष्ठ तथा अशक्त नागरिकको सामाजिक सुरक्षाको पनि प्रत्याभूति गर्न सकोस् ।

नेपालको सामाजिक, आर्थिक र राजनीतिक सापेक्षताका आधारमा विश्लेषण गर्ने हो भने वृद्धभत्ता राज्यका लागि विशाल व्ययभार हो । जुन निर्वाचनकेन्द्रित लोकप्रिय कार्यक्रममा मात्र सीमित भएको छ । विज्ञ र बुद्धिजीवीले जति नै सुझाव दिए पनि राज्य सञ्चालनमा पुग्ने पार्टी र नेताहरूले सधैं वितरणमुखी बजेट निर्माणमा मात्र समय खर्च गरे । किनकि उनीहरूलाई भावी पुस्ताको होइन भावी चुनावको चिन्ता छ ।

१०० रुपैयाँबाट सुरु भएको वृद्धभत्ता हाल आएर ४ हजार पुगेको छ । अघिल्लो वर्षदेखि ३३ प्रतिशतले भत्ता बढाइएको छ । सर्सर्ती हेर्दा यो कार्यक्रम बडो लोकप्रिय र कल्याणकारी देखिन्छ । केही हदसम्म यो कार्यक्रमको औचित्य पनि छ । तर, के हाम्रो अर्थतन्त्र बर्सेनि वृद्धभत्ता बढाउँदै जान सक्ने सामर्थ्यको छ ? पक्कै पनि छैन ।

खुल्ला बजार अर्थतन्त्र अवलम्बन गरेको तीनदशक नाघ्दा समेत आर्थिक वृद्धिदर दोहोरो अंकमा पुऱ्याउन नसक्ने अदूरदर्शी र अक्षम राजनीतिक नेतृत्वले हरेक चुनावका मुखमा अचाक्ली भत्ता किन बढाउँछन् त ? प्रश्न गम्भीर छ ।

सरकारी तथ्यांकलाई नै मान्ने हो भने नेपालबाट बर्सेनि ६ लाख युवा विदेश पलायन हुन बाध्य छन् । २०४६ सालको राजनीतिक परिवर्तनपछि मात्र ५० लाखभन्दा बढी युवा रोजगारीका लागि विदेश पलायन भइसकेका छन् । नेपालमै भएका युवा पनि अझै २० प्रतिशत पूर्ण रूपमा बेरोजगार छन् ।

स्नातकतह अध्ययन गरेकै पनि २६ प्रतिशत युवा अझै पूर्ण बेरोजगार छन् । यो तथ्यांक कहालीलाग्दो छ । खोइ यी तमाम युवाको भविष्यबारे सोचेको ? युवाका नाममा विभिन्न नीति, कार्यक्रम र योजना ल्याइए पनि त्यसले न त एउटा आम युवालाई छुनसकेको छ न त उनीहरूको आर्थिक, सामाजिक सुरक्षणको प्रत्याभूति दिनसकेको छ । भएकै कार्यक्रमहरू पनि राजनीतिक कार्यकर्ताको भरणपोषणमा दुरुपयोग हुने गरेको छ ।

युवालाई लक्षित गर्दै राष्ट्रिय युवा नीति ल्याइयो, युवा तथा साना व्यवसायी स्वरोजगार कोष स्थापना गरियो । युवा परिषद् ऐनमार्फत राष्ट्रिय युवा परिषद् स्थापना गरियो । तर, यी सबै राजनीतिक भर्तिकेन्द्र र राज्यदोहन गर्ने नयाँ तरिकाका रूपमा मात्र सीमित भए ।

यति मात्र नभएर युथ भिजन भनिने १० वर्षीय कार्यक्रम ल्याइयो । त्यसबाहेक, प्रधानमन्त्री रोजगार कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम कति हो कति । तर, अहँ युवाका समस्या उस्तै रहे । युवाका लागि एकमात्र विकल्प विदेश नै बन्यो ।

न त, युवा सम्मिलित श्रमबजारको उत्थान भयो । न त श्रमबजारले युवालाई उचित आर्थिक, सामाजिक सुरक्षा प्रदान नै गर्न सक्यो । यसको जिम्मेवारी कोही लिन तयार छैनन् । बरु तिनै बेरोजगार युवालाई विभिन्न प्रलोभनमा पारी निर्वाचनमा र पार्टीमा परिचालन गरेर चुनाव जित्ने मात्र दाउमा राजनीतिक नेतृत्व लागेको देखिन्छ ।

अर्को एउटा रोचक कुरा के छ भने, २० लाखभन्दा मुनिको संख्यामा रहेका अनुत्पादक जनसंख्याका लागि राज्यले सामाजिक सुरक्षाको नाममा बर्सेनि पौने खर्ब खर्च गर्नुपरेको छ । तर, त्यसको झण्डै आठगुणा बढी जनसंख्या रहेको युवाका लागि वार्षिक करिब १५ अर्बमात्र लगानी गरिरहेको छ । तर, त्यो पनि लक्षित समुदायमा पुग्न सकेकै छैन । बीचतिरै राजनीतिक दलालहरूले पच् बनाइदिएका छन् ।

यो कस्तो विकास, कस्तो योजना र क्रान्ति हो ? बर्सेनि लाखौं युवा आफ्ना प्रियजन, परिवार र समाजलाई छाडेर जीवन धान्नका लागि ऋण काढेर खाडी मुलुक र अन्य देशमा पलायन हुन बाध्य भएका छन् ।

हाम्रो राजनीतिक नेतृत्वले राज्यको व्ययभार बढ्नुको साटो समाजको उत्पादकत्व बढाउने र विपन्न, ज्येष्ठ तथा अशक्त नागरिकको सामाजिक सुरक्षाको पनि प्रत्याभूति गर्न सक्ने उत्पादनशील सामाजिक सुरक्षाका कुनै नौला कार्यक्रम ल्याउन सकेका छैनन्, चाहँदैनन् वा जानेकै छैनन् ।

के यी विदेशिने युवालाई देशमै उचित श्रमबजार र योग्य पारिश्रमिकको व्यवस्था हुने गरी राज्यले काम गर्न सक्दैन ? युवा भनेका गतिशील हुन्छन्, विद्रोही हुन्छन्, परिवर्तनका भोका हुन्छन् । तर, उनीहरूलाई विदेश लखेटेर वृद्धवृद्धालाई भत्ता बाँडेर सधैं चुनाव जित्ने र राज गरिरहने दुर्नियत यथास्थितिवादी दलहरूको देखिन्छ । जुन बडो विडम्बनापूर्ण यथार्थ हामीमाझ रहेको छ ।

यहाँ वृद्धभत्ताको कार्यक्रमलाई पूर्णतः खराब देखाउने पंक्तिकारको उद्देश्य होइन । बरु, युवामा उत्पादनमूलक लगानी बढाउने र समृद्ध युवाहरूको काँधमा अभिभावकको जिम्मेवारी सुम्पने सुविचार मात्र अभिव्यक्त गरिएको हो । के मासिक ४ हजार भत्ताले वृद्धवृद्धालाई लाग्ने दीर्घ रोगको उपचार सम्भव छ ?

के ४ हजार रुपैयाँले कुनै शहरमा एक्लै बसेर एउटा ज्येष्ठ नागरिकले जीवन बाँच्न सक्छ ? छोरा-नातिलाई विदेश लखेट्ने र उनीहरूले पठाएको विप्रेषणको रकमबाट भत्ता बाँडिरहने हो ? एउटा युवा पलायन हुँदा उसले र उसको परिवारले भोग्नुपर्ने आर्थिक, सामाजिक, मानसिक पीडा र रिक्तता ४ हजार भत्ताले पुर्न सक्छ ? पक्कै पनि सक्दैन ।

देशभित्र नागरिकलाई उत्पादनशील बनाउनु, उद्यमशील बनाउनुको साटो विदेश लखेट्ने अवस्थाले कति दिन धान्न सकिन्छ ? युवाको जनसांख्यिक अनुपात प्रत्येक दिन घट्दो छ । जनसंख्या वृद्धिदरमा आएको ह्रास र बसाइँसराइले निम्त्याएको असन्तुलनले गर्दा

बांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरुवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

वर्ष १०, अंक ३५, २०७८, चैत २७ गते आईतवार

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# चैते दशैको शुभ अवसरमा मौलो पूजा सम्पन्न



बिराटनगर । २०७८ सालको चैते दशैको शुभअवसरमा परम्परागत रुपमा मनाउँदै आएको मौलो पुजा बिधिवतरुपमा सम्पन्न भएको छ ।

शनिवार बिहान ७ बजेर ३१ मिनेटको शुभ साईतमा प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक अरुण कुमार बि.सी.को प्रमुख आतित्थ्यतामा मौलो पुजा बिधिवतरुपमा पुजाअर्चना गरी सम्पन्न भएको थियो ।

१ नम्बर प्रदेश सशस्त्र प्रहरी गण मुख्यालय रानीको प्राङ्गणमा भएको मौलो पुजामा १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्र रानी, प्रदेश ट्राफिक प्रहरी कार्यालय सुनसरी, सशस्त्र प्रहरी गण मुख्यालय रानी, जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी प्रमुख लगायत प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।




# देश र जनजीविका प्रति दलहरु गैर जिम्मेवार

उपेन्द्र झा

विविधतायुक्त रहेको नेपाली समाज सहिष्णुता गुणले ओतप्रोत थियो । सामाजिक विकास र परिवर्तनको नाममा अनेक दुष्प्रवृतिहरु प्रवेश गरि सामाजिक संरचनाको मौलिक गुणहरुलाई नै परिवर्तन गरि दिएको छ । यसमा राजनीतिकर्मीहरुको बढि भूमिका देखिएको छ । भ्रातृत्व, सदाचार, सहिष्णु, एक अर्काप्रति उत्तरदायी, परोपकारी गुणले भरेको नेपाली समाज अहिले गाउँ त के टोल टोल विखण्डनमा परेको छ । उँचनीच, जातजातमा विभाजन, धर्ममा विभाजन, साम्प्रदायिक विभेदका जहरहरु फैलिएर समाजलाई पूर्णतया विखण्डित बनाई दिएको छ । पारस्परिक सहयोगको के कुरा एक अर्कासंग कुरा गर्न मानिस रुचाउँदैन ।

राजनीतिक फायदा लिन कहीं दलितको नारा उचाल्यो । कहीं मुसलमानको नारा घन्कायो । कहीं हिन्दु मुस्लिमबीच बैरभाव फैलाएर भोट लियो । व्यक्तिगत स्वार्थसिद्धिका लागि गरिएको अनैतिक कार्यले गर्दा समाज विखण्डित अवस्थाको दयनीय पीडा भोगि रहेको छ । आफ्नो नेताहरुको अनुसरण गर्दै समाजलाई दुषित बनाउनेहरु नै पाश्चाताप गरि समाजलाई पूर्वावस्थामा फर्काउने दिवास्वप्न देख्दैछन् । समाजमा घोलिएको जहरले व्यक्ति नै जहरीला भई सकेपछि यसलाई पूर्वावस्थामा फर्काउने बचकाना प्रयास हो । दुष्प्रवृतिबाट बनेको समाजले मानवोचित व्यवहार गर्दैन । एकै ठाउँमा व्यक्तिहरुको आवास भएपनि भावनात्मक सम्बन्धको अभाव रहन्छ । स्वार्थवश सम्बन्ध बनाउने, होइन भने कुनै मतलव नराख्ने, यस्तो सामाजिक संरचनालाई मानव समाज मान्न सकिन्न ।

धेरै संघर्ष गरेर हामी पहिले प्रजातन्त्र, त्यसपछि संघीय लोकतान्त्रिक गणतन्त्र पायौं । विकासका ठूला ठूला आयामहरु, विचारहरु आयातित गर्दै जाने तर हाम्रो समाजलाई विचारशील नबनाई अनैतिक तवरले बिगार्दै जाने व्यवहारले न देशमा सुशासन आउने न सभ्य समाजको निर्माण हुन सक्ने कुराको मनन हुन आवश्यक छ । स्वार्थयुक्त राजनीतिले शासन प्रणालीलाई अनैतिक बनाई दिएको अवस्थामा राम्रो परिणामको आश गर्नु मुर्खता नै हो । आयातित विचारहरु अनुरुप आफ्नो आचरणमा पनि सुधार हुन जरुरी छ । संघीय लोकतान्त्रिक गणतन्त्रलाई आफ्नो स्वार्थ अनुकूल चलाउनु निस्संदेह नकारात्मक परिणाम भोग्नु पर्ने हुन्छ ।

केन्द्रीकृत राज्यसत्ताले समग्र नेपाली जनताको सुख सुविधा उपलब्ध गराउन सकेन भनेर सयकडौं शहीदको बलिदान दिएर ल्याएको संघीय प्रयाालीको मूलमर्मलाई बिर्सेर आफ्नो सुख सुविधा अनुसार संघीयता चलाएर जुन परिणाम देशको सामुन्ने देखिएको छ त्यो डरलाग्दो छ । चारैतिर अनियमितता, भ्रष्टाचार, हत्या, हिंसा, बलात्कार, महँगी, बेरोजगारी, परनिर्भरता आदिको ताण्डव भई रहेको अवस्थामा राजनीतिकर्मीहरु बेखवर हुनु असक्षमताको परिचायक होइन ? के देशको यही दुर्दशाका लागि केन्द्रीकृत राज्यसत्तालाई विकेन्द्रीकरण गरिएको थियो । सबैलाई सुखसुविधा उपलब्ध गराउन ल्याईएको संघीय लोकतान्त्रिक गणतन्त्रको यस्तो दुष्परिणाम कसरी भयो ?

समाजमा अपराध तीव्ररुपमा बढिरहेको छ । सोही अनुपातमा दण्डहीनता बढिरहेको छ । त्रिभुवन विश्वविद्यालयका समाजशास्त्र विभागका उपप्राध्यापक प्रेमबहादुर चलाउनेमाथि नेविसंघका ७ जना कार्यकर्ताले ०७७ असोज २० गते साँघातिक हमला गरेका थिए । पीडित पक्षबाट चलाईएको काठमाण्डौं जिल्ला अदालतमा ज्यान मार्ने उद्योगको मुद्दा सरकारले फिर्ता लिने भएको छ । नेविसंघका ७ जना अभियुक्तले नेपाली काँग्रेसको सरकार भएपति पौष २६गते काठमाण्डौं जिल्ला प्रशासन कार्यालयमार्फत गृह मन्त्रालयमा मुद्दा फिर्ता लिन निवेदन गरेका थिए । सो मुद्दामा गृहले काठमाण्डौं प्रमुख जिल्ला अधिकारीसंग राय सुझाव माँगेका थिए । प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद रिजाल, महानगरी प्रहरी परिसर काठमाण्डौंका प्रहरी बरिष्ठ उपरीक्षक सुदीप गिरी र जिल्ला सरकारी वकील कार्यालय काठमाण्डौंका निमित्त प्रमुख लक्ष्मण उपाध्याय घिमिरेले माघ १२ गते पीडित पक्षलाई क्षतिपूर्ति रकम उपलब्ध गराएर मुद्दा फिर्ता लिन सकिने भन्ने आशयको सुझाव गृह मन्त्रालयमा बुझाएका छन् ।

उनीहरुले आफ्नो रायमा पीडित व्यक्तिलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति र राहत रकम उपलब्ध गराई मुद्दा फिर्ता लिंदा त्रिभुवन विश्वविद्यालय जस्तो शिक्षा हासिल गर्ने क्षेत्रमा शान्ति र अमन चैन कायम गर्न, सार्वजनिक हित, शान्ति एवं व्यवस्थामा गम्भीर असर पर्न नदिन, त्रिविका पदाधिकारी, डीन, विभागिय प्रमुख लगायत व्यक्तिहरुको जीउज्यानको सुरक्षा भई निर्भीक र निर्भयतापूर्वक ढुक्कसाथ काम गर्न पाउने र त्रिविमा अध्ययनरत विद्यार्थी र आम नागरिकमा समेत सकारात्मक

वांकी ३ पेजमा...

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नविन रिजाल (अध्यक्ष)
मोरंग व्यपार संघ
परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुयश प्याकुरेल (अध्यक्ष)
उद्योग संगठन मोरंग
परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
भीम घिमिरे (अध्यक्ष)
नेपाल उद्योग परिसंघ
प्रदेश नं. १

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नेपाल आयल निगम
प्रदेश १ कार्यालय, परिवार
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
भिलानन्द यादव (प्रमुख)
सुनसरी मोरंग सिंचाई
आयोजना, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कर कार्यालय
परिवार
विराटनगर

## ब्राउन सुगर सहित ४ जना पक्राउ

सुनसरी । सुनसरीको धरान उपमहानगरपालिका वडा नं. १३ बाट प्रतिबन्धीत लागुऔषध ब्राउनसुगर सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा धनकुटा घर भई हाल धरान उपमहानगर पालिका वडा नं. १३ मा कोठा लिई बस्ने गरेका ५० बर्षीय काले बहादुर तामाङ, २० बर्षीय अभिषेक खड्का, २१ बर्षीय मौषम नेपाली, ३९ बर्षीया मुना तामाङ रहेका छन् ।

बिशेष सुचनाका आधारमा विहीवार राती ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा निजहरुको साथबाट २ ग्राम लागुऔषध ब्राउनसुगर बरामद गरेको थियो ।

लागुऔषध सहित पक्राउ परेका चारै जनाको ईलाका प्रहरी कार्यालय धरानबाट थप अनुसन्धान भईरहेको छ ।

## पदाधिकारी नियुक्त गर्ने निर्णय

विराटनगर । प्रदेश नं. १ मन्त्रिपरिषद्को बसेको बैठकले प्रदेश खेलकुद विकास बोर्डका पदाधिकारी नियुक्त गर्ने निर्णय गरेको छ ।

मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा बसेको बैठकले बोर्डको उपाध्यक्ष र सदस्य सचिव नियुक्ति गर्ने निर्णय गरेको थियो ।

प्रदेश नं. १ सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चार मन्त्री उपेन्द्र प्रसाद घिमिरेका अनुसार मन्त्रिपरिषद् बैठकले प्रदेश खेलकुद विकास बोर्डको उपाध्यक्ष जीनाजंग कार्की (विराटनगर, मोरङ) र सदस्य सचिव हंशराज वाग्ले (ज्यामिरे, ओखलढुंगा) लाई नियुक्त गर्ने निर्णय गरेको छ । यसअघि बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश खेलकुद विकास बोर्डका पदाधिकारीले सन्तोषजनक काम गर्न नसकेकाले बर्खास्त गर्ने निर्णय गरेको थियो ।

त्यस्तै, बैठकले केही आयोजनाहरूलाई राष्ट्रिय प्राथमिकताका आयोजनाका रुपमा तोक्ने निर्णय गरेको प्रदेश नं. १ सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चार मन्त्री घिमिरेले जानकारी दिएको थियो ।




## राती भोकै सुत्नु हुन्छ ? हुन सक्छन यस्ता असर

के तपाई राति भोकै सुत्नुहुन्छ? त्यसो भए ख्याल गर्नुहोस। रातको खानाले हाम्रो शरीरको प्रणालीको लागि धेरै महत्त्वपूर्ण भूमिका खेल्छ। यदि हामीले यसलाई बेवास्ता गर्यौं भने हामीले गम्भीर स्वास्थ्य समस्याको सामना गर्नुपर्ने हुन सक्छ र निद्रामा पनि गडबड हुन सक्छ। त्यति मात्र होइन, हाम्रो दैनिक काम गर्नमा पनि त्यति उत्साही हुन सक्दैनौ ।

लंच स्किपिङ र डिनर स्किपिङ बीच फरक छ। यो वैज्ञानिक रूपमा प्रमाणित भएको छ कि रातको खाना स्थगित गर्दा रातमा शरीरको पुनर्स्थापना प्रक्रियामा बाधा पुग्न सक्छ जसले गम्भीर स्वास्थ्य समस्याहरूलाई निम्तो दिन्छ, त्यसैले रातको खाना स्थगित गर्नु बुद्धिमानी निर्णय होइन ।

बेलुकाको खाना छाड्दा हुने असरहरू

१. भोकले तपाईंको वजन बढाउन सक्छ: यदि हामीले बेलुकाको खाना स्थगित गर्यौं भने हामी बिहान भोकै उठ्छौं र यसले तपाईलाई जंक फूड खान उत्प्रेरित गर्छ र यो बारम्बार दोहोरिनेछ, अधिक तेल, बोसो आदि खाँदा तपाईको तौल बढ्न थाल्छ। यी बिन्दुहरूले तपाईँलाई रातको खाना छोड्नुको विपरीत परिणामहरू बुझ्न मद्दत गर्नेछ ।

जब हामी भोकाउँछौं, हाम्रो पेटले घरेलिन हर्मोन (भोक हर्मोन) पनि भनिन्छ। उत्पादन गर्छ र यदि भोक हर्मोन धेरै मात्रामा निस्कन्छ भने हाम्रो शरीरले आवश्यकता भन्दा बढी खाना खान सक्छ ।

सामान्यतया, यदि हामी राती खाना खान छोड्छौं, हामी भोकै उठ्छौं वा हामी राती ढिलो उठ्छौं, हामी खानाको लागि तृष्णा गर्छौं र हामीले त्यो समयमा जे पाउँछौं त्यो हाम्रो स्वास्थ्यको लागि राम्रो वा नराम्रो हुन्छ ।

२. रातिको समयमा तीव्र पेट दुखाइः राति पाचन ग्रन्थीको कार्यसम्पादन कमजोर हुँदा भोकै सुत्दा ग्यास्ट्रोइंटेस्टाइनल दुखाइ हुन सक्छ। यस दुखाइको कारण, हाम्रो निद्रामा गडबड हुनेछ र हाम्रो पाचन प्रणाली र अन्य आन्तरिक अंगहरूले पनि रातमा कायाकल्प प्रक्रियालाई सुस्त बनाउँछ ।

भोकका कारण हुने यो दुखाइलाई भोकको पीडा पनि भनिन्छ। खाली पेटले बलियो संकुचन निम्त्याउन सक्छ र यो पेटमा तीव्र दुखाइको कारण हो जब हामी हाम्रो खाना छोड्छौं। हाम्रो शरीर नियमित अन्तरालमा निश्चित मात्रामा खाना खाने बानी हुन्छ र यदि हामीले कुनै एक समयमा खाना छाड्यौं भने यसले हामीलाई पेट दुख्ने गर्छ ।

३. इन्सुलिन स्राव को कम दर: खाना छाड्दा इन्सुलिन स्रावको दर कम हुन सक्छ र शरीरलाई हाइपोग्लाइसेमिया भनिने गम्भीर अवस्थामा पुर्‍याउन सक्छ। हाम्रो शरीरमा चिनीको मात्रा कम हुनु भनेको हाइपोग्लाइसेमिया हो। कम इन्सुलिनले चक्कर लाग्ने, टाउको दुख्ने र अन्य गम्भीर स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ। बेलुकाको खाना स्थगित गर्दा ग्लुकोजको स्तरमा बाधा आउनेछ र अचानक घट्ने वा बढ्नाले गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्छ ।

४. मांसपेशी मास गुमाउनु: जब हामी सुत्छौं, हाम्रो सम्पूर्ण शरीर मर्मत प्रक्रियामा हुन्छ, तर यस समयमा इन्धन अर्थात् खाना चाहिन्छ, तर यदि हामीले बेलुकाको खाना स्थगित गर्यौं भने, यस्तो अवस्थामा हाम्रो शरीरको मर्मत प्रक्रिया सुस्त हुन्छ। यदि हामीले हाम्रो खानालाई बेवास्ता गरेर आफ्नो क्यालोरीको मात्रा घटाउने प्रयास गर्छौं भने पक्कै पनि हाम्रो मांसपेशी कम हुन थाल्छ किनभने रातिको समयमा शरीरमा मांसपेशीमा बोसो जम्मा हुन्छ र यदि हामीले राती उचित खाना खाएनौं भने त्यसको कारण हाम्रो शरीरको मर्मत प्रक्रिया हुन्छ। शरीर प्रभावित हुन्छ र मांसपेशी पनि कम हुन्छ। रातारात मांसपेशिहरु को हानि फिटनेस उत्साही वा सबै सामान्य मान्छे को लागी पनि राम्रो कुरा होइन ।

६. मुड डिसअर्डर: मानसिक अशान्ति वा अचानक दिमाग परिवर्तन पनि ठूलो मात्रामा खाना छाड्नुको कारण हो। वास्तवमा, भोकले हामीलाई चिडचिडा बनाउँछ र यही कारणले गर्दा अचानक हाम्रो मन अशान्त हुन्छ ।

खाना छाड्दा तपाईको मानसिक अवस्थालाई असर पर्न सक्छ

क) दिमाग परिवर्तन गर्नु एक सामान्य प्रक्रिया हो, जब हामी कुनै पनि प्रकारको तनावको सामना गरिरहेका हुन्छौं र यो तनावले हाम्रो भोकलाई मार्छ र भोकका कारण हामी चिडचिडा र रिसाउन थाल्छौं ।

खाना र मुडको बीचमा धेरै गहिरो सम्बन्ध छ, यदि हामीले खानालाई कुनै पनि समयको लागि स्थगित गर्यौं भने यसले हाम्रो मानसिक अवस्थालाई प्रत्यक्ष असर गर्छ ।

ख) सुस्त र थकित शरीरस् बेलुकाको खाना छाड्नुको कारण, तपाईं धेरै सुस्त हुन थाल्छ र तपाईंको ऊर्जा स्तर घट्न थाल्छ र तपाईंलाई थकान महसुस हुन सक्छ ।

ग) सुस्त र थकित शरीरस् बेलुकाको खाना छाड्दा तपाई धेरै सुस्त हुनुहुनेछ र तपाईको उर्जा स्तर घट्न थाल्छ र बिहानको खाजा खाए पनि तपाई दिनभर थकित रहनुहुन्छ। अर्को

वांकी ३ पेजमा...

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राम प्रसाद मेहता (अध्यक्ष)
राष्ट्रिय सिचाई तथा जल उपभोक्ता समिति

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुर्यनाथ प्रसाद सिंह (अध्यक्ष)
वृहत मधेशी नागरिक समाज

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
जुगल राठी
गोल्ड सिल्भर मार्ट परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुरेश दुगड!अनिल दुगड
उद्योगी!व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
धर्मानन्द खरेल (प्राचार्य)
सत्यनारायण उच्च मा.वि. परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुबोध कुमार सिंह (सभापति)
नेपाल रेडक्रस सोसाईटी मोरंग

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# लेटाङ्का मेयरद्धारा गाउँपाकिालको गाडी फिर्ता

विराटनगर । लेटाङ नगर पालिकाका प्रमुख शंकर राईले आफुले चढ्ने नगरपालिकाको सरकारी गाडी नगरपालिकालाई बुझाउन भएको छ ।

मंगलवार नगरपालिकाका प्रमुख प्रसासकीय अधिकृत अच्युत प्रसाद दाहाललाई गाडिको चावि हस्तान्तरण गर्दै मेयर राईले सरकारले स्थानीय तहको चुनाव घोषणा गरिसकेको र आफु यस क्षेत्रको नेपाली कांग्रेस पार्टीको क्षेत्रिय सभापति भएका कारणले आफ्नो क्षेत्रमा पर्ने ४ वटा स्थानियतहमा पार्टीको काममा खटिनुपर्ने भएकाले नगरपालिकाको गाडी नगरपालिकालाई फिर्ता गरेको बताएका थिए ।

उहाँले जनताको कामका लागि मात्र सरकारी गाडी प्रयोग गर्नुपर्ने भएकाले आफुले गाडि फिर्ता गरि पार्टीलाई ४ वटै तह विजय गराउनका लागि पर्ने वताउनु भएको थियो । स्थानिय तहको निर्वाचन आगामी बैशाख ३० गते हुने घोषणा भएपछि जिम्मेवार जनप्रतिनीधीहरुद्धारा निर्वाचनमा गाडीको दुरुपयोग नहोस भन्दै आफु चढ्ने गाडी फिर्ता गरेको नगरप्रमुख राईको भनाई थियो ।

लेटाङ नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष सन्तोष कार्की र वडा नं. ८ का वडा अध्यक्ष भिम प्रसाद पोखेलले पनि आफु चढिरहेको मोटरसाईकल नगरपालिकालाई बुझाएका छन् । कार्यालय प्रयोजनका लागि प्रयोग गर्ने गाडीहरु चुनावी कार्यक्रममा प्रयोग नहुने भएकाले गाडी फिर्ता गरिएको वडा अध्यक्ष कार्कीले बताए ।

लेटाङ नगरपालिकाका वडा नं. ८ का वडा अध्यक्ष भिम प्रसाद पोखेलले राज्यको सम्पती चुनावमा दुरुपयोग नहोस भनेर फिर्ता गरिएको वताए ।

यस्तै वडा नं. ६ का वडा अध्यक्ष जंगवीर तामाङले समेत आफुले प्रयोग गरेको मोटरसाईकल फिर्ता गरेको थियो ।

केही समय अघि म्याङलुङ नगरपालिकाका मेयर संजय कुमार तुम्बाहाम्फे, उर्लावारी नगरपालिकाका मेयर खड्ग फागो, झापाहल्दीवारी गाउँपालिकाका अध्यक्ष रविन्द्र प्रसाद लिंदेनले समेत आफुले चढ्ने गाडी फिर्ता गरिसक्नु भएको छ ।




# प्रदेश प्रहरी कार्यालयमा निःशुल्क स्वास्थ्य शिविर संचालन

बिराटनगर ।१ नम्वर प्रदेश प्रहरी कार्यालय बिराटनगरमा १ दिने निःशुल्क स्वास्थ्य शिविर संचालन भएको छ ।

पुर्वाञ्चल क्यान्सर अस्पताल बिर्तामोडको सहकार्य र १ नम्बर प्रदेश प्रहरी श्रीमती संघको आयोजनामा संचालन भएको स्वास्थ्य शिविरमा हाड जोर्नी, स्त्री रोग तथा नाक, कान, घाँटी सम्वन्धी समस्या भएका प्रहरी कार्मचारी तथा परिवारहरु लाभाम्वित भएका थिए ।



शिविरमा १ नम्वर प्रदेश प्रहरी कार्यालय तथा मातहत कार्यालय समेतका प्रहरी कर्मचारी तथा प्रहरी परिवारहरु समेत गरी १ सय ३५ जनाको स्वास्थ्य जाँच गरिएको थियो । स्वास्थ्य शिविर संचालनमा उपस्थित बिशेषज्ञ डाक्टहरुको टोलीलाई प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.ले स्वागत गर्दै २४ सै घण्टा ड्युटीमा खटिने प्रहरी कर्मचारीहरु स्वस्थ्य भएमा मात्र आम नागरीकोहरुको सुरक्षामा प्रभावकारी भुमिका रहने वताएका थिए ।

यस्ता कार्यक्रमले प्रहरीको मनोवल उच्च रहने बिश्वास ब्यक्त गर्दै स्वास्थ्य शिविरमा उपस्थित बिशेषज्ञ चिकित्सक हरुलाई बिशेष धन्यवाद दिनु हुदै मायाको चिनो समेत प्रदान गर्नु भएको थियो ।

पुर्वाञ्चल क्यान्सर अस्पताल का मेडिकल डाईरेक्टर डा.बिरेन्द्र कुमार यादवले भने कुनै पनि रोगहरुलाई शुरुमै पहिचान गरी उपचार गर्न सकेमा धेरै जसो रोगहरुबाट बच्न सकिने हुँदा ब्यस्त समयका बाबजुद समय समयमा स्वास्थ्य संस्था सम्म पुगेर चेकजाँच गर्न असमर्थ प्रहरी कर्मचारीहरुलाई यस्ता कार्यक्रम बिशेष प्रभावकारी रहने हुँदा बिशेष गरेर प्रहरी कर्मचारी हरुलाई लक्षित गर्दै यस्ता कार्यक्रमहरु संचालन गर्दै आईरहेको बताउनु भएको थियो ।

वहाँले क्यान्सर सम्बन्धी रोग लागेका प्रहरी कर्मचारी तथा पुर्व प्रहरी कर्मचारीहरु समेतलाई सम्बन्धित कार्यालयको सिफारिस मा सर्व सुलभ तरिकाले उपचार गर्ने प्रतिबद्धता जनाएका थिए ।

# भत्ता र भ्यू...

भविष्यमा न विदेश गएर पैसा पठाउने युवा बाँकी रहन्छन् न त राज्यले यही अनुपातमा वृद्धवृद्धालाई भत्ता बाँड्न र बढाउन सक्छ। खोइ यतातिर ध्यान गएको ?

अब छोटकरीमा चर्चा गरौं- भ्यू टावर क्रान्तिको। २०७२ सालको संविधान आएसँगै बनेका स्थानीय तह र त्यहाँका जनप्रतिनिधिमा अनौठो विकासको भोक जाग्यो । त्यो हो भ्यू टावर । यसैलाई मात्र हेर्दा पनि हाम्रा शासकहरूको चेतनास्तरको परीक्षण गर्न सकिन्छ। सुन्दर पहाड, टापु र हिमालहरूले भरिएको देशमा कृत्रिम कंक्रिटका टावरहरू ठडिएका छन् ।

यसले मानव विकासको कुन चाहिं आयामलाई छुन्छ ? खासखास पर्यटकीय क्षेत्रमा भ्यू टावरको औचित्य भए पनि यहाँ त प्रत्येक पालिकाले एउटा टावर बनाउनैपर्ने अनिवार्यता जस्तो हुनगयो ! यो कुन प्रकारको विकास हो ? के त्यो भ्यू टावरमा चढेर गरिबी, भोकमरी र अभावले पिल्सिएका जनता हाम्फालेर मृत्युवरण गर्ने हो ? वा पर्यटकहरूले सो भ्यू टावरमा गएर त्यो भूगोलको गरिबी, अविकास र पीडाहरू नियाल्ने हो ?

शिक्षा र स्वास्थ्यमा भएको निजीकरण, व्यापारीकरण र माफियाकरणले निम्नमध्यम वर्गीयको जीवन कति कष्टकर भएको छ कसैले ध्यान दिएको छैन । यातायात र ढुवानीको सरल र उचित व्यवस्थापन हुन नसक्दा साँचो अर्थमा राज्य र विकासको विकेन्द्रीकरण हुनसकेको छैन ।

उद्योगधन्दा र रोजगारीका क्षेत्रमा कुनै ठोस विकास हुनसकेको छैन । सामाजिक उद्यमशीलताको प्रवर्द्धन हुनसकेको छैन । बेरोजगारी, महँगी र भ्रष्टाचारको जालो नागरिकस्तरसम्म विस्तार भएको छ । प्राकृतिक स्रोत-साधनको दोहन असन्तुलित र अनियन्त्रित भएको छ । पर्यावरणका मुद्दा दूर-दूरसम्म पनि गुञ्जायस भएको छैन ।

यस्तो अव्यवस्थाको चाङमुनि बसेर यो राज्यका सञ्चालक भोट किन्नका लागि प्रत्येक वर्ष वृद्धभत्ता बढाइरहेका छन् । एक पालिका एक भ्यू टावरका नाममा नितान्त अनुत्पादक र हास्यास्पद विकासको छलाङ मारिरहेका छन् ।

अनि यो सब जेम्स क्लार्कले भनेको जस्तो चुनावमुखी राजनीतिकर्मीका हर्कत होइनन् र ? खोइ हामीले भावी पुस्ताका लागि सोच्ने र इमानदार प्रयत्न गर्ने राजनेता पाएको ?

भेटुवाल विवेकशील साझा पार्टीका नेता हुन् । अनलाईन खबरबाट

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिनबन्धु गोयल
उद्योगी/व्यवसायी
परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विराट आँखा अस्पताल
परिवार, मलायारोड
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
पवन सारडा
उद्योगी/व्यवसायी
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
टिका पुरी (प्रमुख)
एभरेष्ट सकेण्डरी स्कुल
परिवार

हार्दिक मंगलमय
शुभकाम
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नरेश राठी
उद्योगी/व्यवसायी
परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
जय प्रकाश महतो(सहसचीव)
नेकपा एमाले, विराटनगर
महानगरपालिका